निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन बुलेटिन
# Election Bulletin

वर्ष ६ | अङ्क १ | पूर्णाङ्क १८ | २०७३ असार (June-July, 2016)




**निर्वाचन आयोग, नेपाल**
कान्तिपथ, काठमाडौं
फोन नं. ०१-४२२३१६५
फ्याक्स नं. ०१-४२२६७००
E-mail: info@election.gov.np
Website: www.election.gov.np

# निर्वाचन आयोग, नेपालका वर्तमान पदाधिकारी तथा निर्वाचन बुलेटिनका सल्लाहकारहरू



प्रमुख निर्वाचन आयुक्त
डा. अयोधीप्रसाद यादव



निर्वाचन आयुक्त
श्री इला शर्मा



सचिव
श्री शारदाप्रसाद त्रिताल

## सम्पादक मण्डल


संयोजक
सहसचिव श्री वीरबहादुर राई

सदस्यहरू
उपसचिव श्री एकनारायण शर्मा
उपसचिव श्री मुकुन्द शर्मा

सदस्य सचिव
पुस्तकालय अधिकृत श्री प्रदीप भट्टराई


## यस प्रकाशनमा समाविष्ट विषयहरू


१. सम्माननीय प्रधानमन्त्री र आयोगबीच छलफल
२. प्रमुख निर्वाचन आयुक्तद्वारा पद वहाली
३. राज्य व्यवस्था समितिका सदस्यहरूसँग छलफल
४. गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारण आयोग पदाधिकारीहरूसँग छलफल
५. दातृनिकायहरूसँग अन्तरक्रिया कार्यक्रमको आयोजना
६. आयोगका निर्णयहरू
७. वैदेशिक अध्ययन भ्रमण
८. कर्मचारी नियुक्ति, पदस्थापन, सरुवा र बढुवासम्बन्धी
९. तालिम तथा अन्तरक्रिया
१०. कार्यालय निरीक्षण
११. निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको निर्वाचन सम्पन्न
१२. सोलोमन आइल्याण्डबाट अध्ययन भ्रमण
१३. निर्वाचन शिक्षा कार्यक्रमको समीक्षा
१४. आयोगमा सामग्री प्राप्ति

## सम्पादकीय

नेपालको संविधान अनुसार राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद, प्रदेश सभा, स्थानीय तहको निर्वाचन गराउने र राष्ट्रिय महत्वका विषयमा जनमत सङ्ग्रहसमेत गराउने जिम्मेवारी पाएको निर्वाचन आयोगले आगामी दिनमा सञ्चालन गर्नुपर्ने निर्वाचनको तयारी कार्यलाई निरन्तर रूपमा अगाडि बढाइरहेको छ । स्वतन्त्र, निष्पक्ष र विश्वसनीय रूपमा निर्वाचन सञ्चालन गर्न निर्वाचनसम्बन्धी कानुनको आवश्यकता पर्ने हुँदा आयोगले नयाँ संविधानको मर्म र परिवर्तित सन्दर्भ अनुसार राजनीतिक दलसम्बन्धी ऐन, निर्वाचन आयोग ऐन र मतदाता नामावलीसम्बन्धी ऐनको मसौदा तयार गरी संसदमा पेश गर्ने प्रयोजनको लागि गृह मन्त्रालयमा प्रस्तुत गरेको छ । यसैगरी निर्वाचन सञ्चालनको लागि आवश्यक पर्ने अन्य ऐनको मसौदा गर्ने कार्य जारी रहेको छ ।

यस अवधिमा नेपालको संविधान अनुसार मिति २०७३।०३।२७ मा सम्माननीय राष्ट्रपतिबाट प्रमुख निर्वाचन आयुक्तको नियुक्ति भएपश्चात आयोगले आगामी क्रियाकलापहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नेतृत्व प्राप्त गरेको छ । तथापि संवैधानिक व्यवस्था अनुरूप प्रमुख निर्वाचन आयुक्तसमेत जम्मा पाँच जना निर्वाचन आयुक्तहरूको व्यवस्था गरिएकोमा हालसम्म अन्य तीन जना निर्वाचन आयुक्तहरूको नियुक्ति हुन सकेको छैन ।

विगत लामो समयदेखि स्थानीय निकायको निर्वाचन हुन नसकिरहेको तथा वर्तमान संविधान बमोजिम २०७४ माघसम्ममा आयोगले सङ्घीय संसद, प्रदेश सभा र स्थानीय तहको निर्वाचन सम्पन्न गर्नुपर्ने अवस्था रहेको हुँदा यस अवधिमा निर्वाचन सम्पन्न गर्न आवश्यक कानुनको तर्जुमा, सम्बन्धित सरोकारवालासँग छलफल, मतदाता शिक्षा तथा संस्थागत क्षमता विकासमा आफ्नो ध्यान केन्द्रित गर्दै आएको छ । २०७३ वैशाखदेखि असारसम्म आयोगले सम्पादन गरेका क्रियाकलापहरू समेटी १८ औं पूर्णाङ्कको रूपमा यो बुलेटिन प्रकाशित गरिएको छ । समष्टिमा आयोग हाल निर्वाचन पूर्वको चरणमा रहेको र यस अवधिमा निर्वाचनको पूर्वाधारको तयारी गर्ने कार्यमा आयोग क्रियाशिल भइरहेको छ । सरोकारवालाबाट स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन व्यवस्थापनमा सक्रिय भूमिका निर्वाह हुने विषयमा आयोगको दृढ विश्वास रहेको छ ।

## सम्माननीय प्रधानमन्त्री र आयोगबीच छलफल

सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओलीले मिति २०७३।०३।१३ मा निर्वाचन आयोगको भ्रमण गरी आयोगबाट भइरहेका कामकारबाहीको विषयमा आयोग पदाधिकारीसँग छलफल र परामर्श गर्नुभएको छ । सो अवसरमा तत्कालीन कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले प्रधानमन्त्री लगायत भ्रमणदलमा संलग्न सम्पूर्ण पदाधिकारीहरूलाई स्वागत गर्दै आयोगले हाल सञ्चालन गरिरहेका मुख्य-मुख्य गतिविधिहरू, आयोगको संस्थागत क्षमता र निर्वाचन सम्पन्न गर्न गर्नुपर्ने प्राविधिक तयारीको सम्बन्धमा प्रकाश पार्नुभएको थियो । सो अवसरमा सङ्घीय संसद (प्रतिनिधिसभा र राष्ट्रिय सभा), प्रदेश सभा र स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने सिलसिलामा निर्माण गर्नुपर्ने निर्वाचनसम्बन्धी कानुनको मसौदामा आयोगबाट भइरहेको तयारी, विद्यमान कानुनमा गर्नुपर्ने सुधार, आयोगको संस्थागत क्षमता विकास तथा नेपाल सरकारबाट संविधान कार्यान्वयनको सिलसिलामा तयार पारिएको निर्वाचनसम्बन्धी कार्ययोजना समेतको विषयमा छलफल भएको थियो ।

छलफलको क्रममा सम्माननीय प्रधानमन्त्रीले संवैधानिक व्यवस्था अनुरूप सबै तहका निर्वाचनहरू तोकिएको समयमा सम्पन्न गर्नुपर्ने आवश्यकता औंल्याउँदै यसका लागि आयोगलाई आवश्यक पर्ने निर्वाचनसम्बन्धी कानुनको निर्माण, निर्वाचन सम्पन्न गर्न आवश्यक पर्ने स्रोत, साधन र राजनीतिक सहमति सहितको निर्वाचनको वातावरण निर्माण गर्न नेपाल सरकारले सक्दो सहयोग गर्ने बताउनुभयो । गृहमन्त्री श्री शक्ति बहादुर बस्नेत, कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अग्नी प्रसाद खरेल, पूर्व सभामुख श्री सुवासचन्द्र नेम्वाङ, नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री कमलशाली घिमिरे, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार श्री बिष्णु रिमाल, नेकपा एमालेका महासचिव श्री इश्वर पोखरेल, पूर्व मन्त्री एवं सभासद् श्री राजेन्द्र प्रसाद पाण्डे समेत सहभागी उक्त छलफलमा आयोगबाट निर्वाचन आयुक्त श्री इला शर्मा, सचिव श्री शारदाप्रसाद त्रिताल र सहसचिवद्वय श्री वीरबहादुर राई एवं सुशील कोइराला समेतको उपस्थिति रहेको थियो ।



आयोग पदाधिकारीसँग छलफल गर्दै सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओली, कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री अग्निप्रसाद खरेललगायत

## प्रमुख निर्वाचन आयुक्तद्वारा पद वहाली

प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले मिति २०७३।०३।२७ मा प्रमुख निर्वाचन आयुक्त पदको कार्यभार सम्हाल्नु भएको छ । संवैधानिक परिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले उहाँलाई २०७३।०३।२७ मा प्रमुख निर्वाचन आयुक्तको पदमा नियुक्त गर्नु भएको थियो । नियुक्तिपछि सम्माननीय राष्ट्रपतिको समुपस्थितिमा सम्माननीय प्रधान न्यायाधीश सुशीला कार्कीले उहाँलाई पद तथा गोपनियताको शपथ गराउनु भएको थियो । राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित विशेष समारोहमा शपथ ग्रहण गरेपछि प्रमुख निर्वाचन आयुक्त डा. यादवले आयोगमा पद बहाली गर्नु भएको हो ।

पद बहालीपछि आयोगमा आयोजित कार्यक्रममा बोल्दै डा. यादवले आयोग समक्ष आगामी दिनमा तीन तहको निर्वाचन सम्पन्न गर्नुपर्ने गहन दायित्व रहेको र त्यो दायित्व पूरा गर्न आयोग सक्षम रहेको बताउनु भयो । स्थानीय निकाय निर्वाचनका लागि आयोगले आन्तरिक तयारी अगाडि बढाइरहेको र निर्वाचनका लागि आवश्यक ऐन, कानुन छिट्टै आउने अपेक्षा उहाँले गर्नु भयो । राजनीतिक दल तथा अन्य सरोकारवाला निकायहरूको सहयोग प्राप्त भएमा निर्वाध रूपमा निर्वाचन सम्पन्न हुन सक्ने विश्वास उहाँले प्रकट गर्नु भयो ।

आगामी निर्वाचनका लागि तयारी अवस्थामा रहन र आफ्नो कर्तव्यप्रति सक्रिय रूपमा सकारात्मक सोचका साथ कार्य सम्पन्न गर्न आयोगका कर्मचारीहरूलाई उहाँले निर्देशन दिनु भयो ।

कार्यक्रममा निर्वाचन आयुक्त श्री इला शर्माले आयोगमा लामो समय कार्यरत रही दुई/दुईवटा संविधानसभा सदस्य निर्वाचन समेत सम्पन्न गरी अनुभव प्राप्त गर्नु भएका व्यक्ति आयोगको प्रमुख पदमा नियुक्त हुनु सबैका लागि गौरवको विषय भएको बताउनु भयो । वर्तमान अवस्थामा आगामी निर्वाचन सम्पन्न गर्न डा. यादव नै सबैभन्दा बढी अनुभवी रहेको कुरामा उहाँको जोड थियो ।

कार्यक्रमको अन्त्यमा आयोगका सचिव श्री शारदाप्रसाद त्रितालले निर्वाचनलाई लक्षित गरी कर्मचारीलाई भएको निर्देशन पालना गर्न सबै कर्मचारी प्रतिबद्ध रहेको बताउनु भयो ।

सप्तरी जिल्लाको प्रशवनी ७ बनौलीमा वि.सं. २०१२ सालमा जन्मनु भएका डा. अयोधीप्रसाद यादवले श्री बाबा अम्बेडकर विहार विश्वविद्यालयबाट विद्यावारिधि (पीएचडी) गर्नुभएको हो । श्री महेन्द्र मोरङ क्याम्पसबाट सहायक प्राध्यापकको रूपमा अध्यापन पेशामा प्रवेश गर्नुभएका उहाँले जुट विकास तथा व्यापार संस्थानको महाप्रबन्धकमा समेत कार्य गरिसक्नुभएको छ । उहाँले वि.सं. २०६३ साल पुष २७ गतेदेखि २०६९ साल पुष २६ गतेसम्म निर्वाचन आयुक्त र वि.सं. २०६९ चैत १ देखि निर्वाचन आयुक्तमा पुनर्नियुक्ति भई वि.सं. २०७२ भदौ ११ देखि कार्यवाहक प्रमुख निर्वाचन आयुक्तको जिम्मेवारी सम्हाल्नुभएको थियो ।

उहाँका नेपालको अर्थशास्त्र, निर्वाचन प्रणालीको सङ्क्षिप्त रूपरेखाः नेपालको सन्दर्भ, Election Cost in Nepal, Constituent Assembly Election 2008: at a glance, Voter Registration system in Nepal, नेपालको अर्थ राजनीति र सामाजिक राजनीतिक स्वरूप (लेख सङ्ग्रह) नामक पुस्तकलगायत दर्जनौँ लेखहरू प्रकाशित भएका छन् ।



पद वहाली गर्नुहुँदै प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव

## राज्य व्यवस्था समितिका सदस्यहरूसँग छलफल

निर्वाचनसम्बन्धी कानुन तर्जुमा प्रक्रियामा प्रारम्भदेखिनै व्यवस्थापिका संसद, राज्य व्यवस्था समितिको राय, सुझाव प्राप्त गर्ने उद्देश्यले मिति २०७३।१।१५ गते राज्य व्यवस्था समितिका माननीय सदस्यहरूसँग आयोगको सभाकक्षमा छलफल एवम् अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो ।

आयोगका तत्कालीन कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको संयोजकत्व एवं राज्य व्यवस्था समितिका माननीय सभापति श्री दिलबहादुर घर्ती र निर्वाचन आयुक्त श्री इला शर्माको उपस्थितिमा भएको उक्त कार्यक्रममा राजनीतिक दलसम्बन्धी ऐन, मतदाता नामावलीसम्बन्धी ऐन र निर्वाचन आयोग ऐन तर्जुमाका लागि तयार गरिएको विधेयकको मसौदाले समेटेका विषयमा छलफल एवम् अन्तरक्रिया भएको थियो ।

छलफलमा समितिका सदस्यहरूले विधेयकको मसौदामा समेटिएका विषयबारे आ-आफ्ना धारणा एवम् सुझाव प्रस्तुत गर्नुभएको थियो । यस सिलसिलामा मुलतः राजनीतिक दलसम्बन्धी विधेयकको मसौदामा रहेका राजनीतिक दल दर्ता, दल दर्ताका लागि आवश्यक मतदाताको हस्ताक्षर सङ्ख्या, राजनीतिक दलको सदस्यता प्राप्त गर्न चाहिने योग्यता, दलको सङ्गठनात्मक स्वरूप, राज्यबाट प्राप्त गर्न सक्ने अनुदान, दलको एकीकरण सम्बन्धी व्यवस्था तथा थ्रेस होल्ड जस्ता विषयमा सुझाव प्राप्त भएका थिए ।

तत्कालीन कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा.यादवले छलफलका क्रममा प्राप्त जिज्ञासाको सम्बोधन गर्दै लोकतन्त्रमा राजनीतिक दल

थप जिम्मेवार, पारदर्शी र उत्तरदायी हुन आवश्यक हुने भएकोले विधेयकको मसौदा तर्जुमा गर्दा यी पक्षमा विशेष जोड दिइएको बताउनु भयो । प्रस्तुत मसौदा राजनीतिक दल लगायत विभिन्न सरोकारवालासँग छलफल गरी प्राप्त सुझाव समेतलाई समेटी तयार गरिएको बताउँदै समितिसँगको छलफलबाट प्राप्त सुझावसमेत समेटेर मसौदा परिमार्जन गरिने उल्लेख गर्नुभयो । समितिका सभापति माननीय दिलबहादुर घर्तीले कानुन तर्जुमा प्रक्रियामा राज्य व्यवस्था समितिलाई प्रारम्भदेखिनै संलग्न गराउने आयोगको प्रयासको सह्राहना गर्दै कानुन तर्जुमा गर्दा स्वच्छ र प्रगतिशील समाजको निर्माण एवम् सुदृढ लोकतन्त्रको मर्मलाई आत्मसात् गर्नुपर्ने बताउनु भयो । समितिका सदस्यले गत वर्षको भुकम्पले क्षति पुऱ्याएको आयोगको मूल भवन र आयोग परिसरमा रहेको निर्वाचन शिक्षा तथा सूचना केन्द्रको समेत अवलोकन गर्नुभएको थियो ।

छलफल कार्यक्रममा आयोगका सचिव श्री शारदाप्रसाद त्रितालले स्वागत एवं कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै आयोग अहिले निर्वाचनसम्बन्धी विभिन्न कानुन तर्जुमाको प्रक्रियामा रहेकोले प्रस्तुत कार्यक्रम आयोगका लागि अत्यन्त फलदायी हुने विश्वास प्रकट गर्नुभएको थियो ।



राज्य व्यवस्था समिति सदस्य र आयोग पदाधिकारीहरू छलफल गर्दै

## गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारण आयोग पदाधिकारीहरूसँग छलफल

गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारणसँग सम्बन्धित कामका सन्दर्भमा आयोग पदाधिकारीहरू र निर्वाचन आयोगका पदाधिकारीहरूबीच मिति २०७३।०३।०७ गते निर्वाचन आयोगमा छलफल सम्पन्न भयो ।

छलफलका क्रममा गाउँपालिका र नगरपालिकाको सङ्ख्या तथा सीमाना निर्धारणले निर्वाचनका तयारीका क्रममा पार्ने विभिन्न प्रभावका विषयमा तत्कालीन कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव तथा निर्वाचन आयुक्त श्री इला शर्माले आयोगका पदाधिकारीहरूलाई जानकारी गराउनु भयो । सो क्रममा निर्वाचन आयोगका तर्फबाट अन्य कुराका अतिरिक्त सीमाना निर्धारण गर्दा मतदाता नामावलीको व्यवस्थापनको काममा गम्भीर असर पुग्ने भएकोले कुनै पनि गाउँ विकास समिति वा नगरपालिकाको विद्यमान वडाको भूगोललाई टुक्र्याउने गरी सीमा निर्धारण नगरिदिन विशेष आग्रह गरियो । छलफल कार्यक्रमको अन्त्यमा निर्वाचन आयोगका तर्फबाट राखिएका सुझावका सम्बन्धमा सीमा निर्धारण आयोगका पदाधिकारीहरु सकारात्मक रहेको जानकारी बैठकलाई दिइयो ।

सो भेटघाट तथा छलफल कार्यक्रममा गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारण आयोगका तर्फबाट आयोगका अध्यक्ष श्री बालानन्द पौडेल र सदस्यहरु डा. श्यामकृष्ण भूर्तेल, श्री माधव अधिकारी, श्री नीरज शाह, श्री सुनिल रञ्जन सिंह, श्री पवित्रा सुब्बा श्रेष्ठ तथा निर्वाचन आयोगका तर्फबाट सचिव श्री शारदाप्रसाद त्रितालसहित सबै महाशाखा प्रमुख र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिव एवं सीमाना निर्धारण आयोगका सदस्य-सचिव डा. हरि प्रसाद पौडेलसमेतको उपस्थिति रहेको थियो ।

## दातृनिकायहरूसँग अन्तरक्रिया कार्यक्रमको आयोजना

निर्वाचनका विविध गतिविधि सञ्चालन गर्न आयोगलाई आर्थिक तथा प्राविधिक सहयोग गर्दै आएका विभिन्न देशका राजदुत, दातृ निकायका प्रतिनिधि तथा अर्थ र परराष्ट्र मन्त्रालयका प्रतिनिधिसहितको उपस्थितिमा २०७३।१।२० गते एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो ।

सो कार्यक्रममा अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० पश्चात् आयोगबाट भए गरेका गतिविधि, आयोगका भावी कार्यक्रम, विकास साझेदारहरूसँगको सहकार्यलगायतका पक्षहरू समेटी आयोगका तर्फबाट प्रस्तुति गरिएको थियो । यसै गरी आगामी दिनमा आयोगले सम्पन्न गर्नुपर्ने विभिन्न कार्य बारे आयोगको दोस्रो रणनीतिक योजना (२०७१/७२ - २०७५/७६) तथा नेपालको संविधानले प्रदान गरेको थप जिम्मेवारी र निकट भविष्यमा सम्पादन गर्नुपर्ने निर्वाचन



दातृनिकायहरूसँगको अन्तरक्रिया कार्यक्रमको एक झलक

र त्यसको तयारी बारे समेत प्रस्तुतिमा समावेश गरिएको थियो । नेपाल सरकारको विकास सहायता नीति, २०७१ ले परिलक्षित गरेका नीतिभित्र रही कसरी र कुन कुन क्षेत्रमा सहयोग अपेक्षित हुन्छ भन्ने बारेमा समेत विदेशी राजदुत र दातृ निकायको ध्यानाकर्षण गरिएको थियो । प्रस्तुति पश्चात सहभागीहरूबाट उठाइएका जिज्ञासाको जवाफ तत्कालीन कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले दिनु भएको थियो । समापन मन्तव्यका क्रममा हालसम्म आयोगलाई प्राप्त सहयोगका लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा गर्नुपर्ने निर्वाचन व्यवस्थापनमा सदाझैँ सहयोग प्राप्त हुने अपेक्षा गर्नुभयो ।

कार्यक्रमको सुरुमा स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै निर्वाचन आयुक्त श्री ईला शर्माले आयोगले गरेका राम्रा कार्य र आगामी दिनमा आयोगले सम्पादन गर्नुपर्ने विविध क्रियाकलापका बारेमा प्रकाश पार्नुभयो ।

कार्यक्रममा आयोगका सचिव श्री शारदा प्रसाद त्रिताल र अमेरिका, फिनल्याण्ड, बङ्गलादेश, दक्षिण कोरिया, डेनमार्कका राजदूतका साथै भारत, चीन, नर्वे, जापान, स्वीट्जरल्याण्ड, अष्ट्रेलियाका दुतावासका प्रतिनिधिको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा युरोपियन युनियन, UNDP, DFID, USAID, International Foundation for Electoral Systems (IFES), JICA, The Asia Foundation, International IDEA लगायतका सहयोगी संस्थाका प्रतिनिधिहरूसमेतको उपस्थिति रहेको थियो ।

## आयोगका निर्णयहरू

वि.सं. २०७३ साल वैशाखदेखि २०७३ साल असार मसान्तसम्म निर्वाचन आयोगमा विभिन्न विषयमा बैठक बसी निर्णय भएका छन् । तीमध्ये केही महत्वपूर्ण विषयहरु देहायबमोजिम रहेका छन् :

| क्र. सं. | निर्णय मिति | विवरण |
|---|---|---|
| १. | २०७३।१।२ | राजनीतिक दलहरूको महाधिवेशन सम्पन्न गरी आयोगलाई जानकारी गराउने । |
| २. | २०७३।१।९ | आ.व. ०७३।७४ को आयोगको नीति तथा कार्यक्रम स्वीकृत गर्ने । |
| ३. | २०७३।१।९ | फिलिपिन्सको राष्ट्रिय निर्वाचनको पर्यवेक्षण गर्न मनोनयन गर्ने । |
| ४. | २०७३।१।१२ | नेपालको निर्वाचन इतिहास नामक पुस्तकको सम्पादन गर्ने । |
| ५. | २०७३।१।२३ | विद्युतीय मतदान उपकरणको प्रयोगबारे अध्ययन, अवलोकन भ्रमण गर्ने सम्बन्धमा । |
| ६. | २०७३।१।२४ | नेपालको संविधानमा निर्वाचन र यससँग सम्बन्धित केही जानकारी नामक पुस्तिकाको छपाई गर्ने । |
| ७. | २०७३।१।३० | SAIDES स्थापनासम्बन्धी विस्तृत परियोजना प्रस्ताव र परियोजना डकुमेण्ट तयार पार्ने परामर्शदाताको नियुक्ति गर्ने । |
| ८. | २०७३।१।३१ | लैङ्गिक तथा समावेशी कार्ययोजना (२०७२ पुष -२०७५ असार) स्वीकृत गर्ने । |
| ९. | २०७३।२।११ | नेपाली काँग्रेस, राष्ट्रिय जनमोर्चा र नेपाल जनता पार्टीको विवरण राजनीतिक दलदर्ता किताबमा अद्यावधिक गर्ने । |
| १०. | २०७३।२।१२ | राष्ट्रिय प्रजातन्त्र पार्टीको विवरण राजनीतिक दलदर्ता किताबमा अद्यावधिक गर्ने । |
| ११. | २०७३।२।२६ | आर्थिक आयव्ययको विवरण पेश नगर्ने दलहरूलाई सफाई पेश गर्न मौका दिने । |
| १२. | २०७३।२।२६ | निर्वाचन विवाद निरूपण तथा निर्वाचन न्याय बिषयक क्षेत्रीय कार्यशालाको अवधारणा पत्र स्वीकृत गर्ने । |
| १३. | २०७३।२।३१ | FEMBoSA को सातौं बैठकमा सहभागिता जनाउने । |
| १४. | २०७३।२।३२ | Association of Asian Election Authorities (AAEA) को Annual subscription भुक्तानी दिने । |
| १५. | २०७३।२।३२ | इलाका प्रशासन कार्यालय बाबियाचौर, सुर्खेतमा मतदाता दर्ता कार्यक्रम सञ्चालन गर्ने । |
| १६. | २०७३।३।३ | भारतसँग भएको MoU को अवधि नवीकरण गर्ने । |
| १७. | २०७३।३।१३ | प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, प्रदेश सभा सदस्य निर्वाचन ऐन र स्थानीय तह निर्वाचन कार्यविधि ऐन तयारीको लागि सैद्धान्तिक सहमति प्राप्त गर्ने । |
| १८. | २०७३।३।२५ | राजनीतिक दलसम्बन्धी ऐन, निर्वाचन आयोग ऐन र मतदाता नामावलीसम्बन्धी ऐनको मसौदा विधेयक गृह मन्त्रालय पठाउने । |
| १९. | २०७३।३।२६ | नेपाल सद्भावना पार्टीको विवरण अभिलेखीकरण गर्ने । |
| २०. | २०७३।३।२७ | आ.व. ०७२।७३ को वार्षिक प्रतिवेदन तयारी गर्ने । |
| २१. | २०७३।३।२९ | जिल्ला तथा इलाका प्रशासन कार्यालयहरूमा मतदाता दर्ता कार्यक्रम सञ्चालन गर्ने । |

## वैदेशिक अध्ययन भ्रमण

निर्वाचन व्यवस्थापनमा वैदेशिक अनुभव आदानप्रदान गर्न आयोगका तर्फबाट आयोग पदाधिकारी तथा कर्मचारीहरूसमेतबाट वैदेशिक अध्ययन भ्रमण हुने गरेको छ । वि.सं. २०७३ साल वैशाखदेखि २०७३ साल असार मसान्तसम्म आयोगबाट भएका वैदेशिक अध्ययन अवलोकन भ्रमणको विवरण देहायबमोजिम रहेको छ :

| सि.नं. | भ्रमण गर्ने पदाधिकारी र कर्मचारीको नाम | भ्रमणको उद्देश्य | मुलुक | भ्रमण अवधि |
|---|---|---|---|---|
| १. | कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव, सहसचिव श्री लक्ष्मीप्रसाद यादव र कम्प्युटर अधिकृत श्री सुमन घिमिरे | राष्ट्रपतीय निर्वाचनको पर्यवेक्षण गर्न । | फिलिपिन्स | मे ६-११, सन् २०१६ |
| २. | कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव, उपसचिव श्री देशबन्धु अधिकारी, उपसचिव श्री श्रीचन्द्र शाह, कम्प्युटर इन्जिनीयर श्री समीर थापा र नायब सुब्बा श्री प्रकाश भण्डारी | भारतको तामिलनाडु राज्यको विधानसभा निर्वाचन अवलोकन तथा निर्वाचनमा विद्युतीय मतदान उपकरणको अध्ययन गर्न । | भारत | मे १५-२३, सन् २०१६ |
| ३. | सहसचिव श्री वासुदेव गुरागाईं, उपसचिव श्री मुकुन्द शर्मा, कम्प्युटर अधिकृत श्री श्रीराम क्षेत्री, शाखा अधिकृत श्री निर्मला मिश्र र जिल्ला निर्वाचन अधिकारी, दोलखा श्री देवी पाण्डे | फिलिपिन्सको निर्वाचन आयोगले लैङ्गिक पक्षमा गरेका असल अभ्यासको अध्ययन गर्न । | फिलिपिन्स | जुन ६-९, सन् २०१६ |
| ४. | निर्वाचन आयुक्त श्री इला शर्मा, सहसचिव श्री सुशील कोइराला, उपसचिव श्री कृष्णराज खनाल, शाखा अधिकृत श्री ऋषिराम भुषाल र शाखा अधिकृत श्री घमचन्द्र तिम्सिना | निर्वाचन कानुन तथा आचारसंहिता अनुगमन निर्देशिकासम्बन्धी अध्ययन गर्न । | भारत | जुन ८-१४, सन् २०१६ |
| ५. | सहसचिव श्री वीरबहादुर राई र क्षेत्रीय निर्वाचन कार्यालय, बाँकेका शाखा अधिकृत श्री लोक बहादुर राना | अष्ट्रेलियन फेडेरेशनको निर्वाचन पर्यवेक्षण गर्न । | अष्ट्रेलिया | जुन २८-जुलाई ७, सन् २०१६ |

## कर्मचारी नियुक्ति, पदस्थापन, सरुवा र बढुवा

निर्वाचन आयोगमा वि.सं. २०७३ साल वैशाखदेखि २०७३ साल असार महिनासम्ममा विभिन्न कर्मचारीहरूको आयोग वा अन्तर्गत कार्यालयमा सरुवा तथा नयाँ पदस्थापना भएको छ । यसैगरी आयोग वा अन्तर्गत कार्यालयबाट विभिन्न कर्मचारीहरूको अन्यत्र सरुवा/बढुवासमेत भएको छ । यस अवधिमा आयोग वा अन्तर्गत कार्यालयमा आउने तथा आयोग वा अन्तर्गत कार्यालयबाट सरुवा/बढुवा भई अन्यत्र जाने कर्मचारीहरूको विवरण देहायबमोजिम रहेको छ :

### आयोग वा अन्तर्गत कार्यालयमा आउने कर्मचारीहरू

| क्र.सं. | कर्मचारीको नाम, थर |
|---|---|
| १. | बरिष्ठ कम्प्युटर अधिकृत श्री श्रीचन्द्र शाह |
| २. | उपसचिव श्री वसन्तराज अधिकारी |
| ३. | उपसचिव श्री मोहन प्रसाद अर्याल |
| ४. | शाखा अधिकृत श्री ऋषिराम दाहाल |
| ५. | शाखा अधिकृत श्री खीमादेवी लङ्वा |

| क्र.सं. | कर्मचारीको नाम, थर |
|---|---|
| ६. | शाखा अधिकृत श्री हुमनाथ पराजुली |
| ७. | शाखा अधिकृत श्री शान्ति बोगटी |
| ८. | शाखा अधिृकत श्री गुरुप्रसाद मरासिनी |
| ९. | शाखा अधिकृत श्री रूप सिंह कार्की |
| १०. | ना. सु. श्री सीताराम पराजुली |

### आयोग वा अन्तर्गत कार्यालयबाट सरुवा वा बढुवा भई जाने कर्मचारीहरू

| क्र.सं. | कर्मचारीको नाम, थर | सरुवा वा बढुवा |
|---|---|---|
| १. | शाखा अधिकृत श्री राजन पौडेल | उपसचिव पदमा बढुवा |

| क्र.सं. | कर्मचारीको नाम, थर | सरुवा वा बढुवा |
|---|---|---|
| २. | खरिदार श्री श्याम महर्जन | ना.सु. पदमा बढुवा |

## निर्वाचन आचार संहिता कार्यविधि, २०७२ सम्बन्धमा अन्तरक्रिया

आयोगले 'निर्वाचन आचार संहिता कार्यविधि, २०७२' को बारेमा सरोकारवालालाई जानकारी दिन र सल्लाह एवं सुझाव लिने क्रममा २०७३ साल वैशाख ३ गते कञ्चनपुरमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको छ ।

सो अवसरमा आयोगका सहसचिव श्री सुशील कोइराला तथा परामर्शदाता श्री श्याम यादवले 'निर्वाचन आचार संहिता कार्यविधि, २०७२' का विविध पक्षलाई समेटेर बेग्लाबेग्लै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुतिपश्चात् सहभागीहरूबाट राय सुझाव सङ्कलन गरिएको थियो ।

कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि, महिला समूह, मानव अधिकारकर्मी, नागरिक समाज एवम् सञ्चारकर्मी गरी ५५ जनाको सहभागिता थियो । यसभन्दा अघि आयोगले पर्सा, ताप्लेजुङ र चितवनमा विभिन्न मितिमा यस प्रकारको कार्यक्रम आयोजना गरिसकेको छ ।

## निर्वाचनमा लैङ्गिकता तथा समावेशीकरण विषयक ब्रिज कार्यशाला

निर्वाचनका प्रक्रिया तथा गतिविधिहरूलाई लैङ्गिक तथा समावेशी मैत्री बनाउने आयोगको नीति अनुरूप विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यस अन्तर्गत आयोग वा अन्तर्गत कार्यरत कर्मचारी तथा सरोकारवालाहरूलाई समावेश गरी २०७३।१।१३ देखि २०७३।१।१५ सम्म डोटीको दिपायलमा निर्वाचनमा लैङ्गिकता तथा समावेशीकरण विषयक ब्रिज कार्यशालाको आयोजना गरियो । जिल्ला निर्वाचन कार्यालय, डोटीका लैङ्गिक सम्पर्क विन्दु तथा अन्य सरोकारवालाहरूलाई समावेश गरिएको सो कार्यक्रममा २५ जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा आयोगका उपसचिवद्वय श्री एकनारायण शर्मा र श्री सूर्य अर्यालले सहजीकरण गर्नुभएको थियो ।

## निर्वाचन प्रक्रियामा पहुँचसम्बन्धी ब्रिज कार्यशाला

निर्वाचनका विभिन्न प्रक्रियाहरूमा सरोकारवालाहरूको पहुँच बढाउने उद्देश्यले २०७३।०१।१३ देखि २०७३।०१।१५ सम्म मुस्ताङको जोमसोममा निर्वाचन प्रक्रियामा पहुँचसम्बन्धी ब्रिज कार्यशालाको आयोजना गरियो ।

मुस्ताङ जिल्लामा कार्यरत मानव अधिकारकर्मी, सञ्चारकर्मी, अपाङ्गता भएका व्यक्ति गरी २५ जनाको सहभागिता रहेको सो कार्यक्रममा १६ जना महिलाको उपस्थिति रहेको थियो ।

निर्वाचन प्रक्रियामा सबै तह र तप्काका नागरिकको पहुँच अभिवृद्धि गर्ने अभिप्रायले आयोजित सो कार्यक्रममा आयोगका सहसचिव श्री सूर्यप्रसाद शर्मा, शाखा अधिकृतद्वय श्री हेमराज अर्याल र श्री युवराज गुरागाई, आइएफइएसका श्री निलु बस्नेत र श्री राधिका रेग्मीले सहजीकरण गर्नुभएको थियो ।

## बहिरा नागरिकका लागि निर्वाचन शिक्षा प्रशिक्षण

निर्वाचनका प्रक्रियालाई समावेशी बनाउने उद्देश्य बमोजिम २०७३।२।५ देखि २०७३।२।७ सम्म दाङको घोराहीमा र कैलालीको धनगढीमा बहिरा नागरिकका लागि निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रमको आयोजना गरियो ।

कैलाली, कञ्चनपुर, डोटी, डडेलधुरा, बर्दिया र बाँके जिल्लाका २७ जना बहिरा नागरिकको सहभागिता रहेको धनगढीमा सञ्चालित कार्यक्रममा आयोगका सहसचिव श्री सूर्यप्रसाद शर्मा, शाखा अधिकृत श्री हेमराज अर्याल तथा क्षेत्रीय निर्वाचन कार्यालय, साझेदार संस्था युएनडिपी/निर्वाचन सहयोग परियोजना (इएसपी), राष्ट्रिय बहिरा सङ्घ, कैलाली बहिरा सङ्घका स्रोतव्यक्तिहरूले सहजीकरण गर्नुभएको थियो ।

यसैगरी घोराहीमा सञ्चालित कार्यक्रममा दाङ, सुर्खेत, हुम्ला, जुम्ला, डोल्पा, मुगु, सल्यान, रूकुम र रोल्पा गरी ९ जिल्लाका ८ महिला र १९ जना पुरूष गरी जम्मा २७ जना बहिरा नागरिकको सहभागिता रहेको थियो । सो कार्यक्रममा आयोगका उपसचिवद्वय श्री चन्द्रबहादुर सिवाकोटी, श्री सूर्यप्रसाद अर्याल र टा. ना. सु. श्री ममता श्रेष्ठलगायतले सहजीकरण गर्नुभएको थियो ।

## सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षा

विद्यालय शिक्षाका माध्यमबाट निर्वाचन शिक्षाको विस्तार गर्ने आयोगको नीतिअनुसार माध्यमिक तथा उच्च माध्यमिक विद्यालयका सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकहरूको लागि निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिँदै २०७३।२।११ र १२ गते मुस्ताङमा निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रमको आयोजना गरियो ।

आयोगबाट सञ्चालित सो कार्यक्रममा विभिन्न विद्यालयका १९ जना पुरूष र ७ जना महिला सहभागी रहेका थिए भने आयोगका सचिव श्री शारदाप्रसाद त्रिताल, उपसचिव श्री सूर्यप्रसाद अर्याल, युएनडिपि/निर्वाचन सहायता परियोजना(इएसपी)का श्री निकिला श्रेष्ठ र श्री सुदिप अर्यालले सहजीकरण गर्नुभएको थियो ।

यसैगरी आयोगले २०७३।२।१९ र २० गते सोलुखुम्बुको सल्लेरीमा सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकहरूको लागि निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ । सोलुखुम्बु जिल्लाका माध्यमिक तथा उच्च माध्यमिक विद्यालयमा सामाजिक अध्ययन विषय अध्यापन गराउने शिक्षकका लागि आयोजित सो कार्यक्रममा ४३ जना पुरूष र १ जना महिलाको सहभागिता रहेको थियो । आयोगका सहसचिव श्री सूर्यप्रसाद शर्मा, उपसचिवद्वय श्री चन्द्रबहादुर सिवाकोटी र श्री सूर्यप्रसाद अर्याल, जिल्ला निर्वाचन कार्यालय, सोलुखुम्बुका लेखापाल श्री बुद्धिमान प्रधान र आइएफइएसका श्री राधिका रेग्मीले सो कार्यक्रममा सहजीकरण गर्नुभएको थियो ।

विगत केही समयदेखि आयोगबाट सञ्चालनमा रहेको सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकहरूको लागि निर्वाचन शिक्षा कार्यक्रम जिल्ला निर्वाचन कार्यालय मार्फत सञ्चालन गर्ने तथा पहिलो चरणमा यस आ.व. मा १५ जिल्लामा सञ्चालन गर्ने आयोगको निर्णय अनुसार विभिन्न जिल्लामा विभिन्न मितिमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको छ । विभिन्न जिल्लामा सञ्चालित निर्वाचन शिक्षा कार्यक्रमको विवरण देहाय बमोजिम रहेको छ :

| क्र. सं. | कार्यक्रम भएको स्थान | कार्यक्रम भएको मिति | सहभागी सङ्ख्या | | जम्मा सहभागी सङ्ख्या |
|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | |
| १. | कलैया, बारा | २०७३।०१।३१ र २०७३।०२।०२ | २ | ९१ | ९३ |
| २. | ताप्लेजुङ | २०७३।०२।०७ र ०८ | ४ | ५९ | ६३ |
| ३. | अर्घाखाँची | २०७३।०२।०७ र ०८ | ७ | ७३ | ८० |
| ४. | बाह्रबिसे, सिन्धुपाल्चोक चौतारा, सिन्धुपाल्चोक | २०७३।०२।१३ र १४, २०७३।०३।०५ देखि २०७३।०३।०८ सम्म | ५ | ४५ | ५० |
| ५. | डडेलधुरा | २०७३।०२।१६ देखि २०७३।०२।१९ सम्म | ११ | १२२ | १३३ |
| ६. | बर्दिया | २०७३।०२।१६ देखि २०७३।०२।१९ सम्म | १० | ६३ | ७३ |
| ७. | ओखलढुङ्गा | २०७३।०२।२२ र २३ | ४ | ६१ | ६५ |
| ८. | रोल्पा | २०७३।०२।२३ र २४ | ३ | ६९ | ७२ |
| ९. | तेह्रथुम | २०७३।०२।२९ र ३० | ४ | ६० | ६४ |
| १०. | स्याङ्जा | २०७३।०३।०४ देखि २०७३।०३।०७ सम्म | १३ | १४६ | १५९ |
| ११. | पर्वत | २०७३।०३।०६ देखि २०७३।०३।०९ सम्म | ८ | ७८ | ८६ |
| १२. | अछाम | २०७३।०३।१८ देखि २०७३।०३।२१ सम्म | ० | ८४ | ८४ |
| १३. | धनुषा | २०७३।०३।१९ देखि २०७३।०३।२२ सम्म | १२ | १३९ | १५१ |
| १४. | सिरहा | २०७३।०३।२३ देखि २०७३।०३।२६ सम्म | ६ | ९२ | ९८ |

## घुम्ती निर्वाचन शिक्षा प्रशिक्षण

आयोग तथा क्षेत्रीय निर्वाचन कार्यालयबाट निरन्तर रूपमा सञ्चालनमा रहेको निर्वाचन शिक्षा प्रदान गर्ने कार्यक्रमलाई देशभर विस्तार गर्ने उद्देश्यले आयोगबाट विभिन्न ८ जिल्लामा घुम्ती निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको छ । माध्यमिक तथा उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई लक्षित गरी सो कार्यक्रमको आयोजना गरिएको थियो ।

२०७३ जेठ २७ गते रसुवाको धुन्चेस्थित श्री हाइल्याण्ड आवासीय माध्यमिक विद्यालयमा सञ्चालित कार्यक्रममा ३५ जना छात्रा र २२ जना छात्र गरी जम्मा ५७ जनाको उपस्थिति रहेको थियो भने जेठ २८ गते धुन्चेस्थित श्री रसुवा उच्च माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा २७ जना छात्रा र २३ जना छात्र गरी जम्मा ५० जनाको उपस्थिति रहेको थियो ।

यसै गरी जेठ ३० गते नुवाकोटको विदुरस्थित श्री भीमसेन उच्च माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा ४० जना छात्रा र ३४ जना छात्र गरी जम्मा ७४ जनाको उपस्थिति रहेको थियो भने नुवाकोटको श्री आदर्श बहुमुखी क्याम्पसमा आयोजित कार्यक्रममा ४८ जना छात्रा र २७ जना छात्र गरी जम्मा ७५ जनाको सहभागिता रहेको थियो ।

रसुवा र नुवाकोटमा आयोजित कार्यक्रममा तत्कालीन कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको उपस्थितिमा सहसचिव श्री सूर्यप्रसाद शर्मा र ना. सु. श्री प्रमिला कोइरालाले सहजीकरण गर्नुभएको थियो ।



**धादिङ जिल्लाको विद्यालयमा घुम्ती निर्वाचन शिक्षा प्रदान गरिँदै**

२०७३ जेठ २८ गते धादिङको धादिङबेसीस्थित श्री चिल्ड्रेन्स पार्क उच्च माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा कक्षा ९-१२ मा अध्ययनरत तीन सय विद्यार्थीहरूको उपस्थिति रहेको थियो । यसैगरी सोही मितिमा धादिङको जोगीमाया गा. वि. स. स्थित श्री शङ्खदेवी उच्च माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा कक्षा ९-१२ मा अध्ययनरत २८० जना विद्यार्थीको उपस्थिति रहेको थियो । जेठ ३० गते गोरखाको श्री द वर्ल्ड क्यापिटल उच्च माध्यमिक विद्यालय र श्री महेन्द्र माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा जम्मा ६२० जना विद्यार्थीहरूको उपस्थिति रहेको थियो । धादिङ र गोरखामा आयोजित सो कार्यक्रममा आयोगका उपसचिव श्री सूर्यप्रसाद अर्याल र टा. ना. सु. श्री ममता श्रेष्ठले सहजीकरण गर्नुभएको थियो ।

**अन्य जिल्लामा आयोजित घुम्ती निर्वाचन शिक्षाको विवरण देहायबमोजिम रहेको छः**

| क्र.सं. | कार्यक्रम सञ्चालन भएको स्थान | कार्यक्रम भएको मिति | सहभागी सङ्ख्या | | जम्मा सहभागी सङ्या |
|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | |
| १. | श्री वालकल्याण माध्यमिक विद्यालय, रोल्पा | २०७३।३।१३ | १५६ | ९६ | २५२ |
| २. | श्री तुलसी अङ्ग्रेजी माध्यमिक विद्यालय, रोल्पा | २०७३।३।१३ | २८ | ४३ | ७१ |

| क्र.सं. | कार्यक्रम सञ्चालन भएको स्थान | कार्यक्रम भएको मिति | सहभागी सङ्ख्या | | जम्मा सहभागी सङ्ख्या |
|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | |
| ३. | श्री महेन्द्र नमुना उच्च माध्यमिक विद्यालय, प्युठान | २०७३।३।१५ | ७० | ८० | १५० |
| ४. | श्री मुक्ति उच्च माध्यमिक विद्यालय, प्युठान | २०७३।३।१५ | ६६ | ३२ | ९८ |

### कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन तथा लैङ्गिकमैत्री सञ्चार सम्बन्धमा अभिमुखीकरण

आयोगमा कार्यरत कर्मचारीहरूलाई कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ मा भएका व्यवस्था बारेमा जानकारी गराउन तथा कार्यालयमा लैङ्गिकमैत्री सञ्चार गराउन सहयोग पुऱ्याउने उद्देश्यले २०७३।०३।०४ र २०७३।०३।११ मा आयोगमा अभिमुखीकरण कार्यक्रमको आयोजना गरियो ।



अभिमुखीकरण कार्यक्रमका सहभागी तथा सहजकर्ताहरू सामूहिक तस्वीर खिचाउँदै

कार्यक्रममा लैङ्गिकता तथा समावेशी अवधारणा, आयोगको लैङ्गिक तथा समावेशी नीति एवं रणनीतिको कार्यान्वयनको अवस्था, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ का साथै लैङ्गिक समावेशी/ लैङ्गिकमैत्री सञ्चारका विविध विषयहरूमा प्रस्तुति रहेको थियो ।

आयोगमा कार्यरत नायब सुब्बा, खरिदार, सवारी चालक तथा कार्यालय सहयोगी गरी जम्मा ७५ जना कर्मचारीको सहभागिता रहेको सो कार्यक्रममा सहसचिव श्री वीरवहादुर राई, उपसचिव श्री एकनारायण शर्मा, उपन्यायाधिवक्ता श्री घनश्याम ओझा, उपसचिव श्री मुकुन्द शर्मा, शाखा अधिकृत श्री नम्रता चुडाल र आइएफइएसका वरिष्ठ कार्यक्रम व्यवस्थापक श्री राधिका रेग्मीले सहजीकरण गर्नुभएको थियो ।

### नेपालको संविधान र निर्वाचनसम्बन्धी व्यवस्था विषयक प्रशिक्षण कार्यक्रम

नेपालको संविधान र यसमा गरिएको निर्वाचनसम्बन्धी व्यवस्थाका बारेमा आयोग र अन्तर्गत कार्यरत कर्मचारीहरूमा साझा धारणा विकास गर्न सघाउ पुऱ्याउने उद्देश्यले आयोगले नेपालको संविधान र निर्वाचनसम्बन्धी व्यवस्था विषयक प्रशिक्षण कार्यक्रमको आयोजना गरेको छ । केन्द्रमा मुख्य प्रशिक्षक तयार गरी क्षेत्रस्तरमा प्रशिक्षण सञ्चालन गर्न मिति २०७३।०३।०५ देखि २०७३।०३।०७ सम्म काठमाडौँमा मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम आयोजना गरिएको थियो ।

तत्कालीन कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले उद्घाटन गर्नुभएको सो कार्यक्रममा आयोगका सहसचिव, उपसचिव तथा शाखा अधिकृत गरी ३० जनाको सहभागिता रहेको थियो । मुख्य प्रशिक्षक प्रशिक्षण पश्चात क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयका क्षेत्रीय/जिल्ला निर्वाचन अधिकारी र अन्य कर्मचारीहरूका लागि देशका विभिन्न ८ स्थानमा नेपालको संविधान र निर्वाचनसम्बन्धी प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको थियो । विभिन्न स्थान र मितिमा सञ्चालित सो कार्यक्रमको विवरण देहायबमोजिम रहेको छ :

| क्र. सं. | कार्यक्रम भएको स्थान | मिति | सहभागी जिल्लाहरू |
|---|---|---|---|
| १. | हिले, धनकुटा | २०७३।०३।१० देखि २०७३।०३।१२ | सङ्खुवासभा, तेह्रथुम, धनकुटा, उदयपुर, सिन्धुली, धनुषा, महोत्तरी, सर्लाही र भोजपुर |
| २. | दमक, झापा | २०७३।०३।१३ देखि २०७३।०३।१५ | ताप्लेजुङ, पाँचथर, ईलाम, झापा, सुनसरी, मोरङ, सप्तरी र सिरहा |
| ३. | धुलिखेल, काभ्रेपलाञ्चोक | २०७३।०३।१८ देखि २०७३।०३।२० | भक्तपुर, ललितपुर, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सोलुखुम्बु, खोटाङ, ओखलढुङ्गा र रसुवा |
| ४. | पोखरा, कास्की | २०७३।०३।१८ देखि २०७३।०३।२० | तनहुँ, कास्की, स्याङ्जा, मनाङ, मुस्ताङ, म्याग्दी, वागलुङ, पर्वत, गोरखा र लमजुङ |
| ५. | भैरहवा, रूपन्देही | २०७३।०३।०९ देखि २०७३।०३।११ | पाल्पा, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, रूपन्देही, नवलपरासी, सल्यान, प्यूठान, रोल्पा र रूकुम |
| ६. | हेटौँडा, मकवानपुर | २०७३।०३।१३ देखि २०७३।०३।१५ | काठमाडौँ, नुवाकोट, धादिङ, मकवानपुर, चितवन, रौतहट, बारा र पर्सा |
| ७. | नेपालगञ्ज | २०७३।०३।०९ देखि २०७३।०३।११ | बाँके, दैलेख, जाजरकोट, सुर्खेत, हुम्ला, मुगु, जुम्ला, डोल्पा, कालिकोट, र दाङ |
| ८. | धनगढी, कैलाली | २०७३।०३।१३ देखि २०७३।०३।१५ | दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर, बझाङ, बाजुरा, डोटी, अछाम, बर्दिया र कैलाली |

## कार्यालय निरीक्षण

आयोगका सचिव श्री शारदाप्रसाद त्रितालले २०७३ साल वैशाखदेखि असार मसान्तसम्मको अवधिमा जिल्ला निर्वाचन कार्यालय खोटाङ, चितवन, नवलपरासी, रूपन्देही, पर्वत, म्याग्दी, वागलुङ, मुस्ताङ, कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी र डोटीको निरीक्षण गर्नुभएको छ । निरीक्षणको क्रममा जिल्ला निर्वाचन कार्यालयको व्यवस्थापनका अतिरिक्त जिल्लामा सञ्चालन भएका कार्यक्रमहरूको प्रभावकारिता, निर्वाचन कार्यालयको भवन निर्माणको लागि जग्गा प्राप्तिको सम्भावना, आयोगका कार्यक्रमहरूमा सरोकारवालाहरूको भूमिका, संभावित निर्वाचनहरूको तयारीको लागि गर्नुपर्ने कार्यहरू लगायतका विषयमासमेत छलफल भएको थियो । जग्गा नभएका जिल्लामा जग्गा प्राप्तिको लागि सक्रियता देखाउन, सरोकारवालाहरूसँग समन्वय गरी मतदाता नामावली सङ्कलन कार्यलाई थप प्रभावकारी वनाउन, मतदान केन्द्रको पुनरावलोकनको लागि पूर्व तयारी गर्न र सञ्चालनमा रहेका सवै कार्यक्रमहरूको थप प्रभावकारिताको लागि सहयोग र समन्वय गर्ने विषयमा सचिवबाट निर्देशन भएको थियो ।

सो अवसरमा सम्वन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, सुरक्षा निकायका प्रमुख लगायत जिल्ला स्थित कार्यालय प्रमुखसमेतसँग जिल्लाको समग्र वस्तुस्थितिका साथै निर्वाचनसँग सम्वन्धित विविध विषयमा छलफल भएको थियो ।

## निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको निर्वाचन सम्पन्न

निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको निर्वाचन गराउने नेपाल सरकारको निर्णय बमोजिम आयोगमा विभागस्तरीय कार्यसमितिको लागि २०७३।०२।१९ मा मतदान सम्पन्न भएको छ । नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय कर्मचारी संगठन र राष्ट्रिय कर्मचारी संगठनबीच प्रतिष्पर्धा रहेको सो निर्वाचनमा आयोगका ९९ जना कर्मचारीले मतदान गरेका थिए । मतदानमा खसेको कुल मतमध्ये ४६ मत प्राप्त गरी नेपाल निजामती कर्मचारी संगठन पहिलो, ४० मत प्राप्त गरी नेपाल निजामती कर्मचारी युनियन दोस्रो,११ मत प्राप्त गरी नेपाल राष्ट्रिय कर्मचारी संगठनले तेस्रो र १ मत प्राप्त गरी राष्ट्रिय कर्मचारी संगठनले चौथो स्थान प्राप्त गरे ।

**मतपरिणामको आधारमा आयोगमा देहाय बमोजिमको विभागस्तरीय निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन गठन भएको छ :**

| क्र.सं. | पद | पदाधिकारीको नाम |
|---|---|---|
| १. | अध्यक्ष | श्री सुमन घिमिरे |
| २. | उपाध्यक्ष | श्री माधव अर्याल |
| ३. | सचिव | श्री लोकप्रसाद बस्याल |
| ४. | सहसचिव | श्री देविराम पाठक |
| ५. | कोषाध्यक्ष | श्री शोभाकला वस्ती |
| ६. | सदस्य | श्री प्रमिला कोइराला |
| ७. | सदस्य | श्री ममता श्रेष्ठ मल्ल |
| ८. | सदस्य | श्री तिर्थ महर्जन |
| ९. | सदस्य | श्री दिपक पौडेल |
| १०. | सदस्य | श्री कमला थापा |
| ११. | सदस्य | श्री काले मगर |

## सोलोमन आइल्याण्डबाट अध्ययन भ्रमण

नेपालको निर्वाचन व्यवस्थापनमा प्रयोग गरिएको प्रविधि, आयोगले प्रदान गरेको निर्वाचन/मतदाता शिक्षा, मतदाता दर्तालगायत आयोगका गतिविधिहरूसम्बन्धी अध्ययन गर्न सोलोमन आइल्याण्डको निर्वाचन आयोगबाट आएको दुई सदस्यीय अध्ययन टोलीले २०७३।०१।१९ देखि २०७३।०१।२८ सम्म आयोगको अध्ययन भ्रमण गरेको छ ।

सोलोमन आइल्याण्ड निर्वाचन आयोगका प्रमुख प्रशासकीय अधिकृत श्री Fredrick Bosoboe र वरिष्ठ सूचना प्रविधि अधिकृत श्री David Ramosaea सम्मिलित सो टोलीले आयोगको समग्र गतिविधिहरू, मतदाता दर्ताको स्थिति, निर्वाचन शिक्षा, निर्वाचनमा प्रविधिको प्रयोग, भू-सूचना प्रणाली र निर्वाचनमा यसको प्रयोग, निर्वाचन जोखिम व्यवस्थापन, आयोगको रणनीतिक योजना तथा निर्वाचनमा लैङ्गिक एवं समावेशीकरण सम्बन्धमा अध्ययन गरेको थियो । यसका अतिरिक्त सो टोलीले क्षेत्रीय निर्वाचन कार्यालय, कास्कीको अध्ययन भ्रमण गर्नुका साथै त्यहाँबाट सञ्चालित निर्वाचन शिक्षा तथा सूचनासम्बन्धी कार्यक्रमको समेत अवलोकन गरेको थियो ।



प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्तसँग भेटघाट गर्दै सोलोमन आइल्याण्डको अध्ययन टोली

## निर्वाचन शिक्षा कार्यक्रमको समीक्षा

मतदाता, भावी मतदाता र सरोकारवालाहरूलाई निरन्तर रूपमा निर्वाचन शिक्षा प्रदान गर्ने उद्देश्यले आयोगमा वि.सं. २०६९ सालमा स्थापित निर्वाचन शिक्षा तथा सूचना केन्द्रबाट सञ्चालित निर्वाचन शिक्षासम्बन्धी कार्यक्रमको मिति २०७३।०३।२८ र २९ गते समीक्षा सम्पन्न गरियो । सो कार्यक्रममा केन्द्र स्थापनादेखि हालसम्म भएका विविध गतिविधिहरू समेटिएको प्रस्तुति गरिएको थियो । प्रस्तुति पश्चात यसमाथि छलफल गरी यसको सुधारका लागि सहभागीहरूबाट सुझावहरू प्राप्त भएका थिए । यसैगरी नेपाल टेलिभिजन र कान्तिपुर टेलिभिजनबाट हाल प्रसारण भइरहेको "निर्वाचन सरोकार" विषयक टेलिभिजन कार्यक्रमको बारेमा समेत छलफल गरिएको थियो । हालसम्म प्रसारित टेलिभिजन कार्यक्रमको समीक्षा गर्दै आगामी दिनमा प्रसारित हुने सो कार्यक्रममा समावेश गर्नुपर्ने विषयका बारेमा समेत सहभागीहरूबाट सुझाव सङ्कलन गरिएको थियो ।

केन्द्र स्थापनाका समयमा काठमाण्डौ उपत्यकाका विद्यार्थी तथा अन्य सरोकारवालाहरूलाई निर्वाचन शिक्षा प्रदान गर्दै आएकोमा हाल सो सेवालाई विस्तार गरी माध्यमिक तहमा सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकहरूलाई समेत निर्वाचन शिक्षा प्रदान गर्ने गरिएको, आयोगबाट प्रदान गर्ने गरिएको निर्वाचन शिक्षा प्रशिक्षण कार्यलाई क्षेत्रीय निर्वाचन कार्यालय कास्की र कैलालीबाट समेत प्रदान गर्ने गरिएको र आयोग र यसका क्षेत्रीय कार्यालयमा पहुँच पुग्न नसक्ने अन्य जिल्लाका विद्यालयका विद्यार्थीहरूका लागि घुम्ती निर्वाचन शिक्षा प्रदान गर्ने गरिएको छ । यसका अतिरिक्त निर्वाचन शिक्षा प्रदान गर्ने उद्देश्यले रेडियो कार्यक्रम तथा टेलिभिजन कार्यक्रम र आवश्यकतानुसार रेडियो तथा टेलिभिजनबाट सन्देशात्मक कार्यक्रमहरूसमेत प्रसारण गर्ने गरिएको छ ।



निर्वाचन शिक्षा समीक्षा कार्यक्रममा आयोग पदाधिकारी तथा सहभागीहरू

## आयोगमा सामग्री प्राप्ति

मतदाता नामावली दर्ता कार्यमा प्रयोग गरिएका ल्यापटप कम्प्युटरहरु पुरानो भई Display, keyboard, Hard Disk Drive आदिमा खराबी भई नामावली सङ्कलन कार्यमा समस्या आएको हुँदा त्यस्ता सामानको प्रतिस्थापन गर्ने सन्दर्भमा UNDP/Electoral Support Project (ESP) बाट २०७३ वैशाखमा ६०० थान नयाँ ल्यापटप कम्प्युटर र त्यति नै सङ्ख्यामा Dell Power Companion (18000 mAh) प्राप्त गरिएको छ।

यसैगरी निर्वाचन शिक्षालाई व्यापक बनाउने उद्देश्य अनुरूप दुर्गम भेगमा रहेका विद्यार्थी, शिक्षक तथा अन्य भावी मतदातासमेतलाई घुम्ती निर्वाचन शिक्षा प्रदान गर्न आवश्यक पर्ने सामग्रीहरू UNDP/Electoral Support Project (ESP) बाट प्राप्त भएको छ । यसक्रममा टेलिभिजन ३ थान, ट्याब्लेट ३० थान र इयरफोन ३० थान लगायतका सामग्री प्राप्त गरिएको छ।

आयोगलाई प्राप्त नयाँ ल्यापटपहरू मतदाता नामावली दर्ता प्रयोजनको लागि क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयमा पठाइने र घुम्ती निर्वाचन शिक्षाको लागि प्राप्त सामग्रीहरू सोही प्रयोजनको लागि प्रयोग गरिएका छन् ।



सामग्री हस्तान्तरण गर्दै युएनडिपिका प्रतिनिधि

तत्कालीन कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादव र निर्वाचन आयुक्त श्री इला शर्माको उपस्थितिमा आयोजित सो कार्यक्रममा युएनडिपिको तर्फबाट श्री Renaud Meyer ले आयोगका सचिव श्री शारदा प्रसाद त्रिताललाई उक्त सामग्री हस्तान्तरण गर्नुभएको थियो ।